# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वन तथा भू-संरक्षण मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) श्री बबनप्रसाद कायस्थलाई मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## संसद सचिवालयको
### सूचना १

सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ३ र मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित श्री गिरिजाप्रसाद कोइरालाले मिति २०४८।३।७ मा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० को उपदफा (१) बमोजिम सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं. ३ को प्रतिनिधि सभाको सदस्यता त्याग गर्ने गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को खण्ड (ख) बमोजिम प्रतिनिधि सभाको सदस्यको स्थान एक रिक्त हुन आएको छ ।

### सूचना २

प्रतिनिधि सभाको मिति २०४८ साल आषाढ ६ गते आइतबारका दिन बसेको बैठकले प्रतिनिधि सभाका सदस्य श्री दमननाथ ढुंगाना (नेपाली कांग्रेस) लाई सभामुख पदमा निर्विरोध निर्वाचित गरेको छ ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६०